Fair Work
Commission

# Fair Work Commission

हामी अष्ट्रेलियाको स्वतन्त्र कार्यस्थल सम्बन्धहरूका न्यायाधिकरण हौँ। हामी कर्मचारीहरू र रोजगारदाताहरूलाई काममा समस्याहरू समाधान गर्न मद्दत गर्छौं।
यसमा यी समावेश छन्:



अनुचित पदच्युति



थिचोमिचो



यौन उत्पीडन



भेदभाव



कार्यस्थल अधिकारहरूका विवादहरू

हामी यी पनि गर्छौं:

- राष्ट्रिय न्यूनतम पारिश्रमिक कति हो भन्ने निर्णय गर्छौं
- केही कामदारहरूका लागि रोजगारीका न्यूनतम सर्तहरू तोक्छौँ
- उद्यम सम्झौताहरू अनुमोदन गर्छौं
- संघहरू (युनियन) र रोजगारदाता संगठनहरू जस्ता दर्ता भएका संस्थाहरूलाई नियमन गर्छौं।

हाम्रो काम कर्मचारीहरू र रोजगारदाताहरूका लागि सरल, निष्पक्ष र लचिलो कार्यस्थल सम्बन्धहरूलाई समर्थन गर्नु हो।

तलब, बिदा र अन्य अधिकारहरूबारे जानकारीका लागि Fair Work Ombudsman को वेबसाइट www.fairwork.gov.au मा हेर्नुहोस्।

Fair Work Commission

# कार्यस्थलका समस्याहरू समाधान गर्ने

जब तपाईंले हामीलाई कार्यस्थलका समस्या समाधान गर्न भन्नुहुन्छ, तपाईंले कानूनी प्रक्रिया सुरू गर्नुहुन्छ। तपाईंले समस्या व्याख्या गर्ने एउटा फारम भर्न आवश्यक हुनेछ। हाम्रो वेबसाइटमा 'Apply or Lodge' मा जानुहोस्। हामीले तपाईंको फारम संलग्न भएको अर्को व्यक्तिसँग साझा गर्नेछौँ। तिनीहरूको फारम पनि तपाईंसँग साझेदारी गरिनेछ।

हामी तपाईंलाई समाधानमा सहमत हुन मद्दत गर्ने प्रयास गर्नेछौँ।

यदि यसले काम गरेन भने, तपाईंले हामीलाई तपाईंको लागि परिणाम निर्णय गर्न भन्न सक्नुहुन्छ। यो अदालतमा सुनुवाइमा हुनु जस्तै हुन्छ। हाम्रो निर्णय कानूनी रूपमा बाध्यकारी छ।

## तपाईंकै भाषामा मद्दत

तपाईंले हामीलाई फोन गर्न Translating and Interpreting Service (TIS) प्रयोग गर्न सक्नुहुन्छ।

Interpreter

१३१ ४५०

मा फोन गर्नुहोस्। यो नि:शुल्क सेवा हो।

संचालकलाई यी कुराहरू भन्नुहोस्:

- तपाईंको भाषा — ताकि तिनीहरूले तपाईंलाई दोभाषेसँग जोड्न सकून्
- हाम्रो नाम — Fair Work Commission (फेयर वर्क कमिशन)
- हाम्रो फोन नम्बर — १३०० ७९९ ६७५

यदि तपाईंलाई बैठक वा सुनुवाइमा भाग लिन आवश्यक छ भने हामी एक दोभाषेको पनि व्यवस्था गर्न सक्छौँ।

## नि:शुल्क कानूनी सल्लाह

यदि तपाईंलाई के गर्ने भन्ने निर्णय गर्न मद्दत चाहिन्छ भने, हामीसँग कर्मचारी र साना व्यवसायहरूका लागि नि:शुल्क कानूनी सेवा छ।

हाम्रो वेबसाइटमा 'Workplace Advice Service' खोज्नुहोस्।

सेवाले काममा अनुचित पदच्युति, भेदभाव, थिचोमिचो र यौन उत्पीडनमा मद्दत गर्न सक्छ।